# पैयूँ गाउँपालिकाको चौथो गाउँसभाबाट पारित
# आ.व.०७६/७७ को बजेट तथा कार्यक्रम

२०७६/३/१४

**सभाध्यक्ष महोदय,**
कार्यपालिका तथा गाउँसभाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत तथा राष्ट्रसेवक कर्मचारीलगायत आमन्त्रित सम्पूर्ण महानुभावहरु ।

**सभाध्यक्ष महोदय,**
जनताको लामो सङ्घर्षबाट प्राप्त र ऐतिहासिक संविधानसभाबाट जारी भएको नेपालको संविधान अनुसार स्थापित स्थानीय तहका अधिकारहरुलाई अभ्यास गर्ने क्रममा म लोकतन्त्र प्राप्तिको लामो सङ्घर्ष एवं आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन बलिदान दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका क्रममा घाइते, बेपत्ता नागरिकप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

लोकतन्त्रको पुनर्बहालीपश्चात् संविधान सभाबाट संविधान निर्माण गरी स्थानीय तहमा जनप्रतिनिधिहरुबाट स्थानीय सरकार कार्यसञ्चालनको अनुभूति जनताहरुलाई दिँदै आइरहेका छौं । जनताले आफ्नो सबैभन्दा नजिकको सरकार स्थानीय सरकारबाट सेवासुविधा लिने तथा आफ्ना गुनासोहरु स्थानीय सरकारलाई राख्ने कार्यले तीव्रता लिएको छ भने स्थानीय सरकारप्रति आमनागरिकको स्वामित्व तथा मैत्रीभाव स्पष्ट देख्न सकिन्छ । यसै सन्दर्भमा जनचाहना अनुसार सहभागितात्मक विधि र प्रक्रियाबाट पैयूँ गाउँपालिकाको समग्र विकास र समृद्धिका लागि तयार गरिएको तेस्रो बजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ ।

**सभाध्यक्ष महोदय,**
दिगो विकास तथा समाजिक न्यायका लागी भौतिक, मानवीय, सामाजिक तथा सांस्कृतिक रुपमा सभ्य, संमृद्ध एवं अनुकरणयोग्य पैयूँ गाउँपालिकाको सिर्जना गर्ने बजेटको लक्ष्य रहेको छ ।

सामाजिक न्याय, नैतिकतासहितको संमृद्धि हासिल गर्ने, उपलब्ध स्रोतसाधन र अवसरको न्यायोचित वितरण, दिगो विकासमा आधारित पूर्वाधार निर्माण, आम नागरिकको स्वामित्व र मैत्रीभाव सिर्जना हुने गरी समग्र विकास कार्य सञ्चालन गर्ने दिशामा यो बजेट केन्द्रित रहेको छ ।

**सभाध्यक्ष महोदय,**
नेपालको संविधानले निर्दिष्ट गरेको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, संविधानले प्रत्याभूत गरेको स्थानीय सरकारको अधिकार क्षेत्र, नेपालले अन्तरराष्ट्रिय जगतमा गरेका अभिसन्धि र प्रतिबद्धताहरु, दिगो विकास लक्ष्य सन् २०३०, पन्ध्रौं योजनाले तोकेका प्राथमिकताका क्षेत्रहरु नेपाल सरकारको आ.व. २०७६/०७७ को बजेट वक्तव्य, प्रदेश सरकारको आ.व.२०७६/०७७ को बजेट वक्तव्य, नेपाल सरकारले प्रकाशन गरेको बजेट तर्जुमा दिग्दर्शन लगायत स्थानीय जनताको माग, चाहना तथा आवश्यकता, स्थानीय सरकारमा भएको स्रोत साधनको उपलब्धता तथा यस गाउँपालिकाको २०७६/७७ को पारित नीति तथा कार्यक्रमलाई प्रमुख आधार मानी यो बजेट निर्माण गरेको छु ।

पैयूँ गाउँपालिकाको विकासमा विविध चुनौतीहरु रहेका छन् कठिन भौगोलिक अवस्था, छरिएर रहेको बस्ती, युवा जनशक्तिको पलायन, भौतिक पूर्वाधार विकासको अपर्याप्तता आदि ।

विविध चुनौतीहरुका वावजुद प्राकृतिक स्रोत साधनको पर्याप्तता, विकासप्रति नागरिकहरुको सकारात्मक सोच, भौगोलिक एवं जैविक विविधता, पर्याप्त मात्रामा भित्रिने रेमिट्यान्सको अवस्था, वैदेशिक रोजगारबाट

फर्केका नागरिकको प्राविधिक ज्ञान, सीप तथा अनुभव जस्ता सम्भावनाहरु यस गाउँपालिकामा रहेका छन् । यस परिप्रेक्ष्यमा उल्लिखित अवसरहरुको उपयोग गरी चुनौतीहरुको सामना गर्न यो बजेट केन्द्रित गरेको छु ।

**समग्र चुनौतीहरुको सम्बोधनको लागि बजेटले निम्न उद्देश्यहरु राखेको छ :**

- समतामूलक, समावेशी र दिगो विकासका लागि योजनाबद्ध कार्यान्वयन,
- प्राकृतिक स्रोत साधनको उच्चतम उपयोग,
- भौतिक पूर्वाधारयुक्त पैयूँ गाउँपालिकाको निर्माण,
- जनमैत्री, चुस्त, दुरुस्त तथा मितव्ययी सेवा प्रवाह गरी सुशासन कायम,

**उपयुक्त उद्देश्यहरु कार्यान्वयनका लागि बजेटका निम्न प्राथमिकताहरु निर्धारण गरेको छु**

- शिक्षा, स्वास्थ्यलगायत समग्र सामाजिक क्षेत्रको पूर्वाधार विकास,
- पर्यटन प्रवर्द्धन तथा प्राकृतिक स्रोतसाधनको उच्चतम तथा दिगो उपयोग,
- कृषि क्षेत्रलाई प्रविधियुक्त आधुनिकीकरण, विविधीकरण, यान्त्रिकीकरण र व्यावसायीकरण,
- खानेपानी, सिँचाई, विद्युत्, सडक जस्ता प्रमुख पूर्वाधार क्षेत्रको विकास,
- स्थानीय सरकारको शासन व्यवस्थापनमा सुशासनको प्रत्याभूति,
- प्राप्त श्रोत तथा साधन कार्यान्वयनमा क्षमता अभिवृद्धि,

**सभाध्यक्ष महोदय,**

बजेट विनियोजन गर्दा तपसिल बमोजिमका क्षेत्रहरुलाई प्राथमिकतामा राखेको छ । यी क्षेत्रहरुमा रहेका मुख्य मुख्य योजना तथा कार्यक्रमहरुमा विनियोजन गरेको बजेटलाई यसप्रकार सभामा प्रस्तुत गर्न चाहन्छु ।

**क) आर्थिक विकासतर्फ**

- परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई क्रमशः व्यावसायीकरण र आधुनिकीकरणद्वारा विस्थापित गर्न ५० प्रतिशत अनुदानमा हाते ट्र्याक्टर वितरणमा गर्न रु.४,९०,०००। विनियोजन गरेको छु ।
- बेरोजगार युवाहरुलाई लक्षित गरी व्यावसायिक पशुपालनमा ५० प्रतिशत अनुदान दिन रु.६,८५,०००।विनियोजन गरेको छु ।
- बेमौसमी तरकारी उत्पादनका लागि आधुनिक तरिकाबाट प्रविधिको प्रयोग गरी विषादी रहित तरकारी उत्पादन प्याकेजका लागी रु.२२,००,०००। विनियोजन गरेको छु ।
- किसानबाट उत्पादित उत्पादनहरुलाई बजारको व्यवस्था गर्न गाउँपालिकास्तरीय हाटबजार सञ्चालन तथा व्यवस्थापनका लागि रु.३,००,०००। विनियोजन गरेको छु ।
- तरकारी तथा नगदे बाली उत्पादनमा आवश्यक सिँचाई व्यवस्था गर्न साना सिँचाईमा रु.६,५०,०००। विनियोजन गरेको छु ।
- यी कार्यक्रम समावेश गरी सशर्त अनुदानसममेत समग्र आर्थिक विकास क्षेत्रतर्फ रु.१,४२,४५,०००। विनियोजन गरेको छु ।

**ख) सामाजिक क्षेत्र**

- गत आर्थिक वर्षदेखि सञ्चालन गरिएको सामुदायिक विद्यालयका १ देखि ५ सम्मका विद्यार्थी र इ.सि.डि कक्षाका विद्यार्थीहरुलाइ दिवा खाजा कार्यक्रमका लागि रु.१८,००,०००। विनियोजन गरेको छु ।
- शिक्षकहरुलाई पठनपाठनका लागि क्रियाशील बनाउदै थप शैक्षिक सीप अभिवृद्धि गर्न शिक्षक तालिमका लागि रु.५,००,०००। विनियोजन गरेको छु ।
- प्रविधिक शिक्षा सञ्चालन साझेदारीका लागी रु.१५,००,०००। विनियोजन गरेको छु ।
- महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई खाजा, यातायात तथा मासिक रिपोर्टिङका लागि रु.८,१६,०००। विनियोजन गरेको छु ।
- जेष्ठ नागरिकको स्वास्थ्य परीक्षण कार्यक्रम र औषाधी खरिदका लागि रु. ७,००,०००। विनियोजन गरेको छु ।
- महिला विकासका विभिन्न कार्यक्रमका लागि रु.५,००,०००। विनियोजन गरेको छु ।
- फरक क्षमता र जेष्ठ नागरिकहरुलाइ उपकरण सामग्री उपलव्ध गराउन रु.५०००००। विनियोजन गरेको छु ।
- घुमाउने घर संरक्षण र खरको छाना विस्थापन कार्यक्रमका लागि रु.६,००,०००। विनियोजन गरेको छु ।
- महिला तथा बालबालिका लक्षित कार्यक्रम सञ्चालनका लागी रु.५,००,०००।र लक्षित वर्गलाई मागका आधारमा सीपमुलक तालिम सञ्चालनका लागि क्रमश रु.६,००,०००। विनियोजन गरेको छु।
- यी कार्यक्रम समावेश गरी सशर्त अनुदानसममेत समग्र सामाजिक विकास क्षेत्रतर्फ रु. १८,९४,१०,०००। विनियोजन गरेको छु ।

**(ग) पूर्वाधार क्षेत्र**

- गाउँपालिकाको केन्द्र, सदरमुकाम र वडा कार्यालयहरुको सम्पर्क सडक बनाउन प्रत्येक वडाको एक महत्वपूर्ण सडकलाई स्तरोन्नति गर्नका लागि रु.१,१९,००,०००। विनियोजन गरेको छु ।
- प्रत्येक वडाहरुमा फोहोर व्यवस्थापनका लागि सिमेन्टका डस्विन बनाउन र ल्याण्डफिल्ड साइट निर्माण तथा व्यवस्थापनका लागि रु.१,२०,०००। विनियोजन गरेको छु ।
- गाउँपालिका तथा वडा कार्यालय भवन निर्माण पूर्वाधारको लागि रु.११००००००। विनियोजन गरेको छु।
- संघ तथा प्रदेशबाट साझेदारीमा विकास निर्माणका कार्यक्रम गर्नका लागि समपूरक कोषमा रु.१,००,००,००० विनियोजन गरेको छु ।
- यी कार्यक्रम समावेश गरी सशर्त अनुदानसममेत समग्र पूर्वाधार विकासक्षेत्र तर्फ रु. ७,९४,४४,२१८। विनियोजन गरेको छु ।

## घ) संस्थागत विकास, सेवा प्रवाह, सुशासन र अन्तर सम्बन्धित क्षेत्र

- गाउँपालिकावाट भएगरेका विकास गतिविधी तथा सेवासम्बन्धि जानकारी दिन र सेवाग्राहीहरुको गुनासो सुन्न सार्वजनिक सुनुवाइ कार्यक्रमको लागि रु.७,००,०००। विनियोजन गरेको छु ।
- स्थानीय सरकारबाट प्रवाह हुने न्यायिक निरुपणलाई थप व्यवस्थित गर्दै सुदृढ गर्न न्यायिक समिति व्यवस्थापनका लागि रु.७,००,०००। विनियोजन गरेको छु ।
- सेवाग्राहीहरुलाई चुस्त सेवा दिन सूचना प्रणालीलाइ अद्यावधिक गरी सफ्टवेयर जडान सञ्चालन तथा कर्मचारीको सीपमुलक दक्षता अभिवृद्धिको लागी क्षमता विकास तालिमका लागि रु. १३,००,०००। विनियोजन गरेको छु ।
- प्राकृतिक तथा दैवी प्रकोप व्यवस्थापनका लागि रु.१५,००,०००। विनियोजन गरेको छु ।
- कर्मचारी तथा पदाधिकारीहरुको तलब पारिश्रमिक र कार्यालय सञ्चालनका लागि रु.४,९५,००,०००। विनियोजन गरेको छु ।
- यी कार्यक्रम समावेश गरी सशर्त अनुदानसमेत समग्र संस्थागत विकास, सेवा प्रवाह र सुशासन विकास क्षेत्रतर्फ रु. ५,९३,२०,०००। विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय**

अब म यिनै चुनौती, उद्वेश्य तथा प्राथमिकताका आधारमा रहेर यस पैयूँ गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक बजेट तथा कार्यकम प्रस्तुत गर्दछु।

**आय तर्फ :**

आगामी आ.व.को लागि कुल बजेट रु.३४ करोड २४ लाख १९ हजार २१८ मात्र व्यवस्था गरेको छु, जसमध्ये केन्द्रीय सरकारबाट प्राप्त हुने वित्तीय अनुदान हस्तान्तरणतर्फ समानीकरण अनुदानमा रु. ७ करोड ४९ लाख रहेको छ र सशर्त अनुदानतर्फ १३ करोड १७ लाख रहेको छ, त्यसै गरि अन्य सशर्त अनुदानतर्फ ४ करोड ८३ लाख ७७ हजार रहेको छ भने राजस्व बाँडफाँडतर्फ रु.४ करोड ४८ लाख र विद्युत् रोयल्टी तर्फ ३८ लाख ७९ हजार २१८ रहेको छ।

यसै गरी प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानतर्फ रु. १ करोड २१ लाख ३२ हजार रहेको छ भने सशर्त अनुदानतर्फ रु.१ करोड रहेको छ यसै गरी राजस्व वाँडफाँडतर्फ रु. १४ लाख ६१ हजार रहेको छ। आन्तरिक स्रोततर्फबाट रु.६१ लाख ७० हजार रहेको छ र मौज्दाततर्फ रु.४० लाख रहेको छ। प्रस्तुत बजेट गत आ.व. ०७५/७६ को गाउँसभाबाट पारित भएको बजेट भन्दा ११.९० प्रतिशतले बढी रहेको छ।

**विनियोजनतर्फ :**

आ.व.०७६/७७ को लागि चालु खर्चतर्फ रु.२३ करोड ३० लाख ८ हजार र पुँजीगततर्फ रु.१० करोड ९४ लाख ११ हजार २१८ रुपैयाँ विनियोजन गरेको छु।

यसै गरी क्षेत्रगत विभाजनमा कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चतर्फ रु.४ करोड ९५ लाख, आर्थिक विकासतर्फ रु.१ करोड ४२ लाख ४५ हजार, पूर्वाधार विकासतर्फ रु.७ करोड ९४ लाख ४४ हजार २१८,

सुशासन तथा अन्तरर्सम्वन्धित क्षेत्रतर्फ रु.९८ लाख २० हजार र सामाजिक विकासतर्फ रु. १८ करोड ९४ लाख १० हजार विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

गाउंपालिकाको सीमित स्रोत र साधनले एकै वर्ष जनताका आवश्यकताहरु पूरा गर्न सम्भव हुँदैन । यस गाउँपालिकाको समग्र विकासका लागि गुरुयोजना तयार गरी वस्तुगत यथार्थ धरातलमा उभिएर समस्या तथा चुनौतीहरुको सामना गर्न हामी सबै प्रतिबद्ध, कटिबद्ध, र एकताबद्ध हुनुपर्दछ ।

**सभाध्यक्ष महोदय,**

अन्त्यमा, "**कृषि, प्रविधि, पर्यटन र पूर्वाधार पैयूँवासीको समृद्धिको आधार"** भन्ने नारालाई सार्थक बनाउन इमान्दारिताका साथ लगनशील र कार्यप्रति समर्पित भई बजेट तथा कार्यक्रम, कार्यान्वयनमा सम्पूर्ण पैयूँवासी आमाबुवा, दिदीबहिनी तथा दाजुभाइ, सरकारी निकायहरु, विभिन्न राजनीतिक दलहरु, संघ सस्थाहरु, निजी तथा सहकारी क्षेत्रहरुको सद्भाव, सहभागिता र सहयोग हुनेमा हार्दिक अपेक्षा राख्दै विदा हुन चाहन्छु ।

पैयूँ वासीको जय होस्  धन्यवाद !

श्री जसमती गुरुङ्ग
उपाध्यक्ष